# मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजना संचालन कार्यविधि,२०७५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजना संचालन कार्यविधि, २०७५

**प्रस्तावना**

कृषिका विभिन्न वाली वस्तुहरुमा मूल्य श्रृंखाला विकास पद्धति अबलम्वन गरिएमा निकै फलदायी हुने देखिन्छ । यो पद्धतिले मूल्य श्रृंखलामा आबद्ध हुने पात्रहरु वीचको सम्बन्धलाई बलियो बनाउने, कृषि वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणको जोखिमलाई न्यून गर्ने र कृषि उत्पादनहरुको गुणस्तर सुधारमा सहयोग गर्दछ । त्यसैले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतका विभिन्न कार्यालयहरुले संचालन गर्ने कृषि वस्तुहरु, जस्तैः सुन्तला, स्याउ, तरकारी, अलैची, कफी, आलु, मकै, अदुवा, पुष्प खेती आदिको व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रभावकारी, प्रतिस्पर्धी, दीगो र प्रतिफलमूख बनाउने सन्दर्भमा गण्डकी प्रदेशको वार्षिक बजेटमा समावेश भएको मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजना सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउन बान्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजना संचालन कार्यविधि, २०७५** रहने छ ।

ख) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषदले स्वीकृत गरेको मितिदेखि गण्डकी प्रदेशभर लागू हुनेछ ।

**२. परिभाषा**

क) **मूल्य श्रृंखला** भन्नाले कुनै पनि वस्तु विशेष वा सेवाहरूको विकास अवधारणा निर्माणदेखि कच्चा पदार्थको आपूर्ति एवं उत्पादनको तह हुँदै सङ्कलन, प्रशोधन, बजारीकरण भई वस्तु/सेवालाई उपभोक्ता समक्ष पुर्याउने क्रियाकलापहरूको सिलसिला एवं सँगालो भन्ने बुझिन्छ ।

ख) **व्यवसाय सम्बन्ध** भन्नाले मूल्य श्रृंखलाका कर्ताहरू बीच व्यवसाय विकास एवं सुधारको लागि एक आपस बीच विभिन्न कार्य तहमा सम्बन्ध हुने गर्दछ । यो सम्बन्ध ठाडो र तेर्सो दुवै खाले हुन्छ । एकै खाले कार्य गर्ने कर्ताहरू बीचको सम्बन्धलाई तेर्सो अन्तरसम्बन्ध भनिन्छ । जस्तैः उदाहरणको लागि उत्पादन कार्य गर्ने कृषकहरू बीच समूह वा सहकारी गठन गरी व्यवसाय संचालन गर्ने।

ग) **मूल्य श्रृंखला कर्ता** भन्नाले ती उद्यमी र व्यवसायीहरू हुन् जो वस्तु र सेवाको परिकल्पना देखि उत्पादन हुँदै अन्तिम उपभोक्तासम्मका क्रियाकलापहरूमा प्रत्यक्ष एवं भौतिक रूपमा संलग्न हुन्छन् । जस्तैः एग्रोभेट, कृषक, सङ्कलनकर्ता, व्यापारी आदि ।

घ) **कार्यक्रम** भन्नाले मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजनाले संचालन गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

ङ) **आवेदक** भन्नाले व्यवसायिक करार खेतीका लागि अनुदान लिनका लागि केन्द्र समक्ष आवेदन दिएका कृषि फर्म, कृषि कम्पनी ,कृषक समुह र कृषि सहकारी संस्थालाई जनाउदछ।

च) **मन्त्रालय** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

छ) **निर्देशनालय** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत रहेको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

ज) **कृषि ज्ञान केन्द्र** भन्नाले कृषि विकास निर्देशनालय अन्तरगत जिल्लास्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने केन्द्र भन्ने सम्झनु पर्दछ ।

झ) **प्रमुख** भन्नाले सम्वन्धित कृषि विकास निर्देशनालय प्रमुख अथवा सम्वन्धित कृषि ज्ञान केन्द्र प्रमुख भन्ने सम्झनु पर्दछ ।

ञ) **मातहतको निकाय** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत रहेको कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

ट) **समिति** भन्नाले दफा ७ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

### ३. कार्यक्रम संचालनको उद्धेश्य

यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ:

क) कृषि वस्तुको व्यवसायिक उत्पादन कार्यमा संलग्न रहने कर्ताहरु वीचको व्यवसायिक संजाललाई सुदृढ गरी उत्पादन, प्रशोधन र बजारीकरण कार्यहरु वीच समन्वय ल्याउने ।

ख) कृषि वस्तुहरुको बजार सुनिश्चित गरी कृषकहरुको आय आर्जनमा बृद्धि ल्याउने ।

## परिच्छेद २

## परियोजना संचालन स्थल, कार्यक्रम र संचालन विधि

### ४. परियोजना अन्तर्गत संचालन हुने कार्यक्रम

परियोजनाले तोकिएका वालीहरुको उत्पादन, प्रशोधन र बजारीकरण लगायतका क्षेत्रहरुमा सहयोग उपलब्ध गराउने छ । मूल्यश्रृंखला अन्तर्गत आयआर्जन बृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु संचालनमा जोड दिने छ ।साथै परियोजनाले उत्पादित वस्तुहरुलाई उत्पादन स्थानमै उचित मूल्यमा बिक्री गर्न सहयोग गर्नेछ । परियोजनाले तल उल्लेखित कार्यक्रमहरु संचालनमा सहयोग गर्नेछ ।

क) **उत्पादन सामाग्रीमा सहयोग (व्यवसायिक उत्पादनका लागि)**

परियोजनाले तोकिएका वालीहरुको व्यवसायिक उत्पादनमा सहयोग पुग्ने उत्पादन सामग्रीहरु जस्तै: मल, वीउ, विषादी, विरुवा, वेर्ना र अन्य आवश्यक उत्पादन सामाग्रीहरुमा बढीमा ५० प्रतिशत अनुदान सहयोग उपलव्ध गराइनेछ।

ख) **साना तथा आधुनिक सिंचाईमा सहयोग**

यस कार्यक्रम अन्तर्गत साना तथा आधुनिक सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग संचालन हुनेछ । साना सिंचाईमा साना कुलो, पानी संकलन टयांकी, बोरिङ्ग, पानी तान्ने मोटर आदि पर्दछन भने आधुनिक सिंचाई सहयोग अन्तर्गत थोपा सिंचाई र स्प्रिङ्कल सिंचाई आदिका लागि सहयोग हुनेछ । सबै प्रकारका सिंचाईहरुमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

ग) **कृषि यान्त्रिकरणमा सहयोग**

कृषि वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरणलाई सहयोग पुर्याउने कृषि औजार, उपकरण तथा मेशिनरीहरुमा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

घ) **नर्सरी पूर्वाधार निर्माणमा सहयोग**

गुणस्तरीय बेर्ना तथा विरुवा उत्पादन गर्ने संरचना निर्माणमा बढीमा ७० प्रतिशत अनुदान सहयोग उपलब्ध हुनेछ । जस्तैः उदाहरणको लागि बेर्ना तथा विरुवा उत्पादन गर्ने प्लाष्टिक टनेल, एग्रीनेट घर, सेड हाउस र आधुनिक नर्सरी घर निर्माण आदि पर्दछन् ।

ङ) **प्रशोधन, संकलन, ढुवानी र बजारीकरणमा सहयोग**

विभिन्न वालीहरुको प्रशोधन केन्द्र स्थापना, संकलन वा भण्डार केन्द्र र बजार संरचनाहरु निर्माणमा बढीमा ७० प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

च) **क्षमता अभिबृद्धि कार्यक्रम**

मूल्य श्रृंखलामा आधारित परियोजना कार्यक्रममा संलग्न हुने कृषक तथा कृषि प्रविधिकहरुको क्षमता अभिबृद्धिका लागि तालिम, गोष्ठी र अबलोकन भ्रमण आदि कार्यक्रमहरु संचालन गरिनेछ ।

## परिच्छेद ३
## कार्यक्रम संचालन र छनोट विधि

### ५. कार्यक्रम संचालन

मातहतका निकायबाट कार्यक्रम सन्चालन हुनेछ । वार्षिक कार्यक्रमको वजेट परिधिमा रही कार्यक्रमको वाडफाड मन्त्रालयले गर्नेछ ।

### ६. प्रस्ताव माग गर्न सूचना प्रकाशन

क) यस कार्यविधि अनुरुप विभिन्न वालीहरुको मूल्य श्रृंखलामा आधारित परियोजना संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, वालीवस्तु व्यवसायिक सघ, प्रशोधन कर्ता तथा कृषि व्यवसायीहरुबाट एकल वा साझेदारीमा वा सहकार्यमा कार्यक्रम संचालनका लागि सम्बन्धित कार्यालयले ३० दिने म्याद दिई राष्ट्रिय पत्रिकामार्फत प्रस्ताव आह्वान गरी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।साथै उक्त सूचना मन्त्रालय वा मन्त्रालय मातहतको निकायको सूचना पाटी, वेभसाईट र स्थानीय तहको सूचना पाटीमा समेत टाँस गरिनेछ ।

सुचना प्रकाशन गर्दा अनुसूची-४ बमोजिमका मूल्याङ्कनका आधारहरु सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिम दरखास्त पेश गर्ने आवेदकले आफूले काम गर्न चाहेको स्थान, परियोजना संचालन गर्ने वाली र कार्यक्रम संचालन हुने क्षेत्रफल उल्लेख गरी अनुसूची-३ बमोजिम प्रस्तावका साथमा देहाय बमोजिमका सबै प्रमाण संलग्न गरी अनुसूची-२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा पेश गर्न सक्नेछन्।

१. माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायि लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।
२. समुह, सहकारी वा संस्थाको हकमा कार्यसमितिको बैठकले परियोजना निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।
३. सम्बन्धित स्थानिय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
४. कार्यक्रम संचालनका लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको प्रमाणपुर्जा वा सामान्यतया पुर्वाधार निर्माणको लागी २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।
५. आफुले व्यहोर्ने रकम र कम्तिमा १० बर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने अनुसूची-५ अनुसारको प्रतिबद्धता पत्र ।

## ७. समिति

दफा ७ बमोजिम पेश हुन आएका प्रस्तावको मूल्यांकन र सो सम्बन्धी कार्यहरु गर्नका लागि देहाय बमोजिम छनोट समिति गठनको व्यबस्था गरिएको छ । यस कार्यविधि अनुरुप अनुदान दिने निर्णय यसै समितिले गर्नेछ ।

क) **कृषि ज्ञान केन्द्रले कार्यक्रम संचालन गरेको हकमा तल उल्लेख गरे बमोजिमको समिति हुनेछ।**

| | | |
|---|---|---|
| क) | योजना अधिकृत, ज्ञान केन्द्र | संयोजक |
| ख) | कृषि प्रसार अधिकृत/प्राविधिक, ज्ञान केन्द्र | सदस्य |
| ग) | वाली विकास अधिकृत/प्राविधिक, ज्ञान केन्द्र | सदस्य |
| घ) | प्रदेश लेखा नियन्त्रक कार्यालयको इकाईबाट प्रतिनिधि | सदस्य |
| ङ) | वागवानी विकास अधिकृत/प्राविधिक, ज्ञान केन्द्र | सदस्य सचिव |

अधिकृत स्तरको कर्मचारी नभएको खण्डमा मात्र प्राविधिकलाई समितिमा राख्नुपर्नेछ ।

**कृषि विकास निर्देशनालयले कार्यक्रम संचालन गरेको अबस्थामा तल उल्लेख गरे बमोजिमको समिति हुनेछ ।**

| | | |
|---|---|---|
| क) | सम्वन्धित शाखाको प्रमुख, निर्देशनालय | संयोजक |
| ख) | खाध्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | सदस्य |
| ग) | व. वागवानी विकास अधिकृत, निर्देशानालय | सदस्य |
| घ) | आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| ङ) | व.कृषि प्रसार अधिकृत, पोष्टहार्भेट व्य शाखा, निर्देशानालय | सदस्य सचिव |

ख) उपदफा क र ख बमोजिम गठित समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकार**

क) यस कार्यविधि अनुसार पेश हुन आएका प्रस्तावहरुको अनुसूची-४ को मूल्यांकन फर्मेट अनुरुप मूल्यांकन गर्ने ।

ख) स्वीकृत वजेटको परिधिभित्र प्रस्तावित परियोजना संचालनका लागि अनुदान उपलब्ध गराउन स्वीकृतीका लागि प्रमुखलाई सिफारिस गर्ने ।

ग) प्रस्तवित परियोजना संचालनका लागि अनुदानको पहिलो किस्ता र प्रगतिका आधारमा अन्य किस्ताहरु उपलब्ध गराउन सिफारिस गर्ने ।

घ) संचालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ङ) प्रमुखलाई संचालित कार्यक्रमहरुको प्रगतिको सम्बन्धमा जानकारी गराउने ।

च) समितिले मूल्यांकन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि केन्द्र वा निर्देशनालय प्रमुख समक्ष सिफारिस गर्नेछ ।

छ) सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार प्रमुखलाई हुनेछ । कार्यक्रम कार्यान्वयन सम्बन्धि निर्णयहरु स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम सम्बन्धित कार्यालयले गर्नेछ ।

## परिच्छेद ४

## अनुदान व्यवस्था र सम्झौता

**९. अनुदान सम्बन्धि व्यवस्था**

क) मूल्य श्रृंखलामा आधारित परियोजना संचालनका लागि समितिबाट सिफारिस भई छनोट भएका आवेदक र सम्बन्धित कार्यालय बीच अनुसूची-६ बमोजिमको द्विपक्षीय सम्झौता हुनेछ ।

ख) प्रस्तावमा पेश भए बमोजिम मूल्य श्रृंखलामा आधारित एउटा परियोजना संचालनका लागि प्रस्तावमा पेश भए बमोजिम अनुदान रकम बढीमा ५० लाख रुपैंयासम्म उपलब्ध हुनेछ । एउटा आयोजनामा उत्पादन, प्रशोधन र बजारिकरण सम्बन्धी प्याकेजका कार्यहरु संचालनका लागि एकमुष्ट अनुदान उपलब्ध हुनेछ । प्रशोधन र बजारीकरणमा अनुदान प्राप्त गर्नका लागि बालीहरुको उत्पादन भईरहेको वा उत्पादन गर्ने कार्य योजना अनिवार्य हुनु पर्दछ ।

ग) अनुदान रकम बढिमा तीन किस्तामा कार्य प्रगति र सम्बन्धित प्राविधिकको स्थलगत सर्वेक्षण प्रतिवेदनका आधारमा अनुदानग्राहीको बैंक खातामा उपलब्ध गराईने छ ।

घ) सम्झौता बमोजिम कुल पुर्वाधार निर्माण लागत रकमको तीन (३) प्रतिशत वरावर हुन आउने रकम कन्टेजेन्सी वापत काटिनेछ ।

ङ) अनुदान रकम दफा ४ मा उल्लेख भए बमोजिम ५० देखि ८५ प्रतिशतसम्म हुनेछ । कार्यक्रम संचालनका लागि आबश्यक प्राविधिक सहयोग मन्त्रालय, कृषि अनुसन्धान परिषद र निर्देशनालय वा कृषि ज्ञान केन्द्रले उपलब्ध गराउने छन ।

च) कार्यक्रम सन्चालनको लागी कृषि ज्ञान केन्द्रले स्थानिय निकायसग समन्वयन गर्नेछ ।

## परिच्छेद ५

## अनुगमन व्यवस्था

### ११. अनुगमन व्यवस्था

क) मूल्य श्रृंखलामा आधारित परियोजनाको अनुगमन निर्देशनालय र सम्बन्धित कृषि ज्ञान केन्द्रले आवश्यकता अनुसार गर्ने छन् ।

ख) मन्त्रालय वा निर्देशनालले यस कार्यविधि अनुरुप संचालनमा रहेको परियोजना र सो सम्बन्धी कार्यको अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

ग) उपदफा (क) वा (ख) बमोजिम भएको अनुगमन तथा निर्देशन लिखित अभिलेख/ प्रतिवेदन सम्बन्धित कार्यालयले सुरक्षित राख्नु पर्नेछ ।

घ) यस उपदफा (क) र (ख) बमोजिम लिइएको निर्देशन पालना गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ ।

ङ) अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

च) अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

छ) कार्यक्रम सँचालन पश्चात अनुसूची-७ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

## परिच्छेद ६
## विविध

**१२. कारबाहीको व्यवस्था**

सम्झौता अनुरुप काम नगर्ने अनुदाग्राहीलाइ सम्बन्धित कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ । यस कार्यविधी अनुरूप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१३. बाधा अड्चन र निरुपण**

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण मन्त्रालयले गर्नेछ ।

**१४. संशोधन:** यो कार्यविधि मन्त्रलायले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१५. यस कार्यविधिमा भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।**

## अनुसूची -१

मूल्य श्रृंखलामा आधारित परियोजना सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सुचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस .............ले आर्थिक बर्ष ...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मूल्य श्रृंखलामा आधारित परियोजना सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनी आदिबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र तपशिल बमोजिमका कागजातहरु एवं अनुसूची ३ अनुसार ब्यवसायिक प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि सम्बन्धित यस.......... सम्पर्क गर्न हुन अनुरोध छ ।

**तपशिलः**

क) माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायि लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

ख) समुह, सहकारी वा संस्थाको हकमा कार्यसमितिको बैठकले परियोजना निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

ग) सम्बन्धित स्थानिय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

घ) कार्यक्रम संचालनका लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

ङ) आफुले व्यहोर्ने रकम र कम्तिमा १० बर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने अनुसूची-६ अनुसारको प्रतिबद्धता पत्र ।

| |
|---|
| रु १० को टिकट |

**अनुसूची-२**

आवेदन फारम

श्रीमान ...................ज्यू,                                        मितिः

...................।

**विषयः मूल्य श्रृंखलामा आधारित परियोजना सञ्चालनका लागि अनुदान सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तहाँ ...................बाट मूल्य श्रृंखलामा आधारित परियोजना सञ्चालनका लागि प्रस्ताब माग भए बमोजिम -**आवेदक संस्था वा कम्पनीको नाम तथा ठेगाना**)...... ...................................... ले सञ्चालन गर्ने ........................ व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु........................./-(अक्षेरुपी ....... .....................................................) को व्यवसायिक योजना तयार गरी आवश्यक अन्य कागजातहरुसहित अनुदान सहयोगको लागि पेश गरेको ब्यहोरा अनुरोध गर्दछु । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................../ ( अक्षेरुपी...... ............................) बाहेकको अन्य रकम -**आवेदक संस्थाको नाम** ).... ........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................../ /-( अक्षेरुपी.... ............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ ......................बाट सञ्चालित यस कार्यक्रममा छनौट गरिपाउँ भनी अनुरोध छ ।

साथै आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

**निवेदक**

उद्धमी, कृषक समूह/सहकारी/संस्थाको

अध्यक्ष/प्रतिनिधिको नामः

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

संस्थाको छापः

## अनुसूची-३

## कार्य योजना (प्रस्ताव) का सक्षिप्त ढाँचा

१. कृषक/कम्पनीको नाम र ठेगानाः

२. संचालन हुने परियोजनाको क्षेत्रफल

३. परियोजनामा लगाईने वाली

४. सञ्चालन गरिने कार्यको बिवरण

क) परियोजनाको विवरण

| क स | कार्यक्रमको विवरण | संख्या /क्षमता /आकार/क्षेत्रफल | अनुमानित लागत रु | |
|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरिएको अनुदान |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ख) आवश्यक मेशिनेरी, संरचना तथा पूर्वधारहरुको विवरण

| क स | कार्यक्रमको विवरण | संख्या /क्षमता /आकार/क्षेत्रफल | अनुमानित लागत रु | |
|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको अनुदान |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ग) संलग्न हुने जनशक्तिको विवरण

| क स | जनशक्तिको किसिम | संख्या | आवश्यक योग्यता | अनुमानित लागत रु | |
|---|---|---|---|---|---|
| | | | | आफूले व्यहोर्ने | माग गरिएको अनुदान |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

घ) अनुमानित प्रतिफल र आम्दानी

| क स | विवरण | ईकाई | मूल्य प्रति ईकाई | अनुमानित आम्दनी रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. परियोजना संचालनका लागि अरु केही नयाँ सोंच केही भए उल्लेख गर्नुहोस

८. अनुदान सहयोग पश्चात आयोजनले निरन्तरताका आधारहरु उल्लेख गर्नु होस ।

प्रस्तावकको

संस्थाका नाम संस्थाको छापः
ठेगाना
दस्तखतः
मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा बिस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

## अनुसूची-४

## मूल्य श्रृंखलामा आधारित कृषि वस्तु उत्पादन परियोजना सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

| सि नं | मूल्याङ्कनका आधार | प्राप्त हुने अंक |
|---|---|---|
| १ | **खेती गर्ने ठाँउमा प्राकृतिक स्रोत र अन्य पूर्वाधारको उपलब्धता** (पूर्वाधार भन्नाले सडक, सिँचाइ, विद्युत, बजार आदिलाइ बुझाउँदछ ।) | **२०** |
| | अनुकुल हावापानी र पूर्वाधारको सुविधा भएको | २० |
| | अनुकुल हावापानी तर पूर्वाधारको सुविधा अपर्याप्त भएको | १५ |
| २ | **परियोजना संचालन हुने जग्गा उपयुक्त भए /नभएको वा एउटै रोड कोरिडोरमा परेको/नपरेको** | **३०** |
| | (क) प्रस्तावित वालीको लागि जग्गा उपयुक्त भएको र एउटै रोड कोरीडोरमा परेको | ३० |
| | (ख) प्रस्तावित वालीको लागि जग्गा उपयुक्त भएको र तर एउटै रोड कोरीडोरमा नपरेको | १५ |
| | (ग) प्रस्तावित वालीको लागि जग्गा उपयुक्त नभएको र एउटै रोड कोरीडोरमा नपरेको | ० |
| ३ | **प्रस्तावित परियोजना अनुदान पश्चात निरन्तरताको संभावना** | **१५** |
| | (क) प्रस्तावित परियोजना अनुदान संचालन पश्चात निरन्तर हुने बलियो आधार देखिएको | १५ |
| | (ख) प्रस्तावित परियोजना अनुदान संचालन पश्चात निरन्तर हुन सक्ने संभावना रहेको | १० |
| | (ग) प्रस्तावित परियोजना अनुदान संचालन पश्चात निरन्तर हुन सक्ने आधार नभएको | ५ |
| ४ | **परियोजना संचालनका लागि जनशक्तिको अवस्था** | **१०** |
| | (क) सम्बन्धित विशेषज्ञ र अन्य जनशक्ति उपलब्ध हुने | १० |
| | (ख) सम्बन्धित विशेषज्ञ र अन्य जनशक्ति उपलब्धता हुन सक्ने | ५ |
| | (ग) सम्बन्धित विशेषज्ञ र अन्य जनशक्ति उपलब्ध नहुने | ० |
| ५ | **परियोजनमा प्रस्तवित उपलब्धीहरु प्राप्त हुने बलियो आधार** | **१०** |
| | परियोजनमा प्रस्तवित उपलब्धीहरु प्राप्त हुने आधार बलियो देखिएको | १० |
| | परियोजनमा प्रस्तवित उपलब्धीहरु केही मात्रामा प्राप्त हुने आधार देखिएको | ५ |
| | परियोजनमा प्रस्तवित उपलब्धीहरु प्राप्त हुने आधार नदेखिएको | ० |
| ६ | **प्रस्तावकको हाल गरिरहेको व्यवसायको अवस्था** (यसमा व्यवसायको व्यवसायिकरणको अवस्था आधुनिकिकरण वा मुल्य श्रृंखला प्रर्वद्धन जस्ता आधारहरूलाई खण्डिकरण गरी अंक दिन उपयुक्त हुने) | **१०** |
| ७ | **स्थानिय तहको लागत सहभागिता** | **५** |
| | स्थानिय तहको लागत सहभागिताको आधार भएको | ५ |
| | स्थानिय तहको लागत सहभागिताको आधार नभएको | ० |
| | **जम्मा** | **१००** |

## अनुसूची -५
## प्रतिबद्धता पत्र

........ले मिति २०७..../ ..../ ....को सूचना अनुसार मूल्य श्रृंखलामा आधारित परियोजना सञ्चालनका लागि संचालन हुने कार्यको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी ........बर्षसम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा ........भन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं । इतिसम्बत २०७...../ ..../ .....गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

| दाँया | बाँया |
|---|---|
| | |

मिति :

संस्थाको छाप :

## अनुसूची-६

## सम्झौता–पत्र

१. यो सम्झौता पत्र...........................(प्रथम पक्ष) र..........................(दोश्रो पक्ष) बीच मुल्य श्रृङ्खलामा आधारित आयोजना सञ्चालनका लागि प्रयोग हुनेछ । सम्झौता भएको मितिदेखि यो सम्झौता लागु भएको मानिनेछ ।

२. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु प्रथम पक्षसग सम्झौता भएको मितिअनुरुप सुरु गर्नुपर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको रकम सम्बन्धित कार्यालयबाट खटिएको प्राविधिकको स्थलगत प्रतिवेदन र कार्य प्रगितका आधारमा उपलब्ध गराउनु पर्नेछ ।

४. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ । साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

५. अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

६. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

७. प्रस्तुत कृयाकलापहरु चालु आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

# अनुसूची-७
## उपलब्धि अनुगमन सूचक

१. उद्धमीको नाम, ठेगाना:

२. परिचय पत्र नं.

३. संचालन गरेको व्यवसाय :

४. व्यवसायको प्रकारः नयाँ/पुरानो

५. लाभान्वित घरधुरी वा कृषक, समुह, सहकारी:

६. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो/हैन ।

७. जम्मा संचित पूँजी वा बचत:

८. हाल प्राप्त अनुदानको प्रकार: चालुमात्र/ पूँजीगत मात्र/ दुवै

९. रोजगारीको अवस्था

| महिलाः | पुरुषः |
|---|---|

**१०. हालको व्यवसायिक विवरण**

| सि . .नं | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | सञ्चालनमा आएको मिति | प्रविधि प्रयोग | व्यवसाय संचालन पश्चात उत्पादनमा भएको बृद्धि | व्यवसाय संचालन पश्चात रोजगारीमा भएको बृद्धि | व्यवसाय संचालन पश्चात भएको पूर्वाधार विकास | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |

**११. मुल्य श्रृङ्खलामा भएको विकास र बजारीकरण**

क) उत्पादक — [रु. /केजी] → उपभोक्ता

ख) उत्पादक — [रु. /केजी] → थोक विक्रेता — [रु. /केजी] → खुद्रा विक्रेता — [रु. /केजी] → उपभोक्ता

ग) उत्पादक — [रु. /केजी] → खुद्रा विक्रेता — [रु. /केजी] → उपभोक्ता

घ) उत्पादक — [रु. /केजी] → सहकारी — [रु. /केजी] → खुद्रा/ थोक विक्रेता — [रु. /केजी] → उपभोक्ता

ङ) उत्पादक — [रु. /केजी] → प्रशोधन कर्ता — [रु. /केजी] → उपभोक्ता

च) **अन्य भएमा थप्नुहोस ।**

जम्मा वार्षिक लगानी रु.

सरदर वार्षिक आम्दानीरु.

कृषि आम्दानीको योगदान प्रतिशत :

अनुदानबाट प्राप्त रकम रु.

सरदर वार्षिक पारिवारिक खर्च रु.

व्यवसाय सञ्चालनको वर्षः

**आफ्नै पहलमा संचालन भए, गरेका कार्यहरू**

१.
२.
३.

**आगामी योजनाहरु .....**

१.
२.
३.